नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

मिति: २०८१/०८/२५

## ७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस

७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) को अवसरमा नेपाल मानव अधिकार संगठन स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी बहिनी तथा दाजु भाइहरूलाई शुभकामना व्यक्त गर्दछ ।

संयुक्त राष्ट्रसंघको महासभाबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिनको सम्झनामा प्रत्येक वर्ष डिसेम्बर १० मा विश्वभर यो दिवस मनाउने गरिन्छ । यस वर्ष "Our rights, our future, right now" भन्ने मूल नारासहित नेपालमा पनि विविध कार्यक्रमका साथ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइदैछ । यस अवसरमा संगठनले बृहत रक्तदान कार्यक्रम आयोजना गरी यस वर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनायो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका विषयहरू नेपालको संविधानले अवलम्बन गरी यसको विस्तार र विकासमा पुऱ्याएको योगदान स्मरण गर्दै मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको पक्ष राष्ट्र समेत भएकाले मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति सम्बन्धी दायित्वप्रति सदैव प्रतिबद्ध एवम् संवेदनशील रहनु अनिवार्य छ ।

दूरदराजका, पिछडिएका, गरीब, वन्चितिकरणमा परेका समुदाय, लैङ्गिक समानता र सामाजिक समावेशीकरणले नसमेटिएका समुदाय, आप्रवासी लगायतको हक, अधिकार, स्वतन्त्रता र न्यायको अनुभूति गराउन सकेमा मात्र मानव अधिकार दिवसले सार्थकता पाउनेछ भन्ने यस संगठनको ठम्याइ छ ।

अन्तमा, यस दिवसले सबै पक्ष र निकायलाई मानव अधिकारको मर्म तथा भावना आत्मसात् गर्ने प्रेरणा मिलोस् भन्ने कामना सहित सबैमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको शुभकामना व्यक्त गर्दछौं ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं.९८५१०५८३६८